# स्थानीय राजपत्र

**रोहिणी गाउँपालिका, रूपन्देहीद्वारा प्रकाशित**

**खण्ड ४) रोहिणी गाउँपालिका, चैत्र २३ गते, २०७७ साल (संख्या ०९**


## भाग–२

**स्थानीय सरकार**
**रोहिणी गाउँपालिका, रुपन्देही**

रोहिणी गाउंपालिकाको मिति २०७७/१२/२० को गाउँ सभा बैठकले बनाएको तल उल्लेख भए बमोजिमको "रोहिणी गाउँपालिकाको मानव बेचविखन पीडित/प्रभावितहरुको उद्धार तथा पुनर्स्थापना कोष सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०७७" स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**निर्देशिकाको नाम : रोहिणी गाउँपालिकाको मानव बेचविखन पीडित/प्रभावितहरुको उद्धार, स्वदेश फिर्ती तथा पुनर्स्थापना कोष सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०७७**

कार्यपालिकाबाट पारित मितिः२०७७।१२।२०

मानव बेचविखन, घरेलु हिँसा, लैंगिक हिंसाबाट पीडित/प्रभावितलाई तत्काल उद्धार, स्वदेश फिर्ती तथा पुनर्स्थापना गर्न यस लुम्बिनी प्रदेशको रुपन्देही जिल्लामा अवस्थित रोहिणी गाउँपालिका र शुभ अवरसर ग्राम नेपाल द्धारा संयुक्त रुपमा उद्धार तथा पुनर्स्थापना कोष स्थापना गर्ने समझदारी अनुसार सोको प्रभावकारी सञ्चालन तथा व्यवस्थापनका लागि यो मापदण्ड तयार गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यो निर्देशिकाको नाम "रोहिणी गाउँपालिकाको मानव बेचविखन पीडित/प्रभावितहरुको उद्धार तथा पुनर्स्थापना कोष सञ्चालन तथा व्यवस्थापन निर्देशिका,-२०७७" रहेको छ ।

(२) यो निर्देशिका रोहिणी गाउँ कार्यपालिकाबाट स्वीकृत भएपछि लागु हुनेछ ।

**२. परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा, -

क. "कोष" भन्नाले मानव बेचविखन पीडित/प्रभावितहरूको उद्धार, स्वदेश फिर्ती तथा पुनर्स्थापना गर्न शुभ अवसर ग्राम नेपाल र रोहिणी गाउँपालिकाद्वारा संयुक्त रुपमा स्थापना गरिएको कोष सम्झनु पर्छ ।

ख. "समिति" भन्नाले कोषको व्यवस्थापन तथा सञ्चालनका लागि गठन गरिएको ५ सदस्यीय समितिलाई सम्झनुपर्छ ।

ग. "गाउँपालिका" भन्नाले रोहिणी गाउँपालिकालाई सम्झनुपर्छ ।

घ. "पीडित" भन्नाले मानवबेचविखनबाट पीडित/प्रभावित वा सोको जोखिममा रहेको व्यक्तिलाई सम्झनु पर्छ ।

ङ. “निर्देशिका” भन्नाले मानव बेचविखन पीडित उद्धार तथा पुनर्स्थापना कोष सञ्चालन तथा व्यवस्थापन निर्देशिका, रोहिणी गाउँपालिका-२०७७ सम्झनुपर्छ ।

च. “संरक्षण समिति” भन्नाले मानव वेचबिखन नियन्त्रणको लागि शुभअवसर ग्राम नेपालले भारत नेपाल सिमा क्षेत्रको निगारानीको लागि गठन गरेको सरंक्षण समिति सम्झनुपर्छ ।

**३. गाउँपालिकाको कोषमा रकम उपलब्ध गराईने :**

(१) गाउँपालिकामा कोष सञ्चालनगर्न छुटटै बैंक खाता खोलिने छ र स्थापना बेलामा मानव बेचविखन पीडित उद्धार तथा पुनर्स्थापना कोषमा ५,००,००० अक्षरुपी पाँच लाखमात्र जम्मा गरिने छ ।

(२) (धारा ३ को उपधारा (१) बमोजिमको कोष स्थापना गर्न शुभ अवसर ग्राम नेपालको तर्फबाट रु. २,५०,०००।- (अक्षरुपी: दुई लाखपचास हजारमात्र) र रोहिणी गाउँपालिकाको तर्फबाट २,५०,००० (अक्षरुपी: दुई लाख पचास हजार मात्र) जम्मा गरिने छ ।

(३) आर्थिक बर्षको अन्तिम चौमासिक भएकोले रकम अभावले गर्दा गाउँपालिकाको तर्फबाट तत्काल रु.५०,००० र बाँकी रकम आ.ब.२०७८/७९ को शुरुमै जम्मा गर्ने छ ।

**४. कोषको रकमको प्रयोग :**

(१) कोषको रकम खर्च गर्दा यस निर्देशिका बमोजिम सीमा र शीर्षक अनुसार गर्नु पर्नेछ ।

(२) गाउँपालिकाले कोषको रकम प्रयोग देहायका कामको लागि खर्च गर्नुपर्नेछ ।

क) पीडितको तत्काल उद्धार गर्नतथा स्वदेशफिर्ती गर्न/गराउन

ख) पीडितलाई तत्काल चाहिने औषधिउपचार गर्न

ग. पीडितलाई तत्काल आवश्यक कानुनी सहायता, मनोवैज्ञानिक उपचार, मनोविमर्श लगायतका सेवा प्रदान गर्न/गराउन

घ. पीडितलाई सामाजिक पुनर्स्थापना गर्न/गराउन

ङ. समितिले उपयुक्त ठहऱ्याएको पीडितको उद्धार, राहत र पुनर्स्थापना सम्बन्धि अन्य कार्यका लागि

च. पीडितहरुलाई सीपमुलक तालिम मार्फत व्यवसाय स्थापना र सञ्चालन गर्न/गराउन

**५. समिति सम्बन्धि व्यवस्था र रकम वितरणको सीमाः**

(१) कोषको व्यवस्थापन तथा सञ्चालनका लागि देहाय बमोजिमको ७ सदस्यीय समिति रहनेछ :-

(क) गाउँपालिका अध्यक्ष - संयोजक

(ख) गाउँपालिका उपाध्यक्ष - सदस्य

(ग) गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(घ) गाउँपालिकामा गठित सिमा निगरानी समुहबाट १ जना महिला सहित दुई जना - सदस्य

(ङ) गाउँपालिकाले मनोनयन गरेको स्थानीय समाजसेवी - सदस्य

(च) गाउँपालिकाको आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिले पीडितलाई रकम उपलब्ध गराउँदा देहाय बमोजिमको सीमामा रही रकम उपलब्ध गराउनु पर्नेछ :-

क. पीडितलाई तत्काल उद्धार गर्दा औषधि उपचार, पुनःस्थापनावा राहत तथा आर्थिक सहयोग प्रदान नगरेमा गम्भीर तथा मानवीय क्षति हुने देखिएको र सो का लागि समितिले पहिले कुनै रकम उपलब्ध नगराएको भएमा सो प्रयोजनका लागि पचास हजार रुपैयाँमा नबढ्ने गरी मनासिब रकम,

ख. पीडितले कुनै सीपमूलक तालिम प्राप्त गरी व्यवसाय सञ्चालन गर्नका लागि वस्तुगत तथा नगद अनुदान माग गरेमा बढीमा प्रतिव्यक्ति ३०,००० अक्षरुपी तीस हजार रुपैयाँ सम्म,

ग. पीडित/प्रभावितलाई कानुनी सहायता, औषधि उपचार, मनोसामाजिक विमर्श सेवाको लागि बढीमा रु. ५०००।- सम्म,

घ. पीडित/प्रभावितलाई तत्काल उद्धार गर्नुपर्ने भएमा सवारी साधनबाट यात्रा गर्दा लाग्ने भाडा रकम वास्तविक विल अनुसार, खाना/खाजा खर्च बापत प्रतिदिन वढीमा रु. १०००।- र बास बस्नु पर्ने भएमा प्रति दिन अधिकतम रु. १०००।- सम्म,

ङ. समितिले घटनाको प्रकृति, पीडितको अवस्था समेतलाई विचार गरी उपयुक्त ठहऱ्याएको पीडितको उद्धार, राहत र पुनःस्थापना सम्बन्धि कार्यका लागि दशहजार रुपैयाँसम्म

च. पीडित/प्रभावितलाई अस्पताल भर्ना गरी औषधि उपचार गर्नुपर्ने भएमा अस्पताल आउँदा जाँदा सवारी साधन प्रयोग गर्नुपर्ने भएमा सार्वजनिक सवारी साधन प्रयोग गर्दा लाग्ने वास्तविक विल अनुसारको खर्च भुक्तानी, खाना/खाजाखर्च वापत प्रतिदिन रु.१०००।-, अस्पतालमा बस्ने व्यवस्था

नभई बाहिर बस्नु परेमा बढीमा ५ दिनको बास खर्च वापत प्रतिदिन रु.१०००।- र उपचार खर्च बढीमा रु. १००००।-, पीडितसँग कुनै बालबच्चा भएमा बालबच्चाका लागि पीडित सरहको खाना खर्च रकम ।

**६. निवेदन दिनुपर्ने :**

(१) यस निर्देशिका बमोजिम कोषबाट आर्थिक सहयोग चाहने पीडित/प्रभावितले आर्थिक सहयोग पाउनुपर्ने मानसिब कारण खुलाई समिति समक्ष निवेदन दिनु पर्नेछ ।

(२) धारा ५ को दफा (२) वमोजीमको आवश्यक सहयोग गर्नुपर्ने आवश्यक देखिएमा सिमा क्षेत्रमा स्थापित समुदायमा आधारित संरक्षण समिति सदस्यले धारा (५) को दफा (१) अन्तर्गतको समिति समक्ष निवेदन दिनुपर्नेछ ।

(३) उपदफा(१) र (२) बमोजिम प्राप्त निवेदन उपर जाँचबुझ गर्दा पीडितले आर्थिक सहयोग गर्नुपर्ने मानसिब आधार देखिएमा समितिले दफा ५ को उपदफा२ अधीनमा रही पीडितलाई रकम उपलब्ध गराउनु पर्नेछ ।

**७. कोषको लेखा र लेखा परीक्षण :**

(१) कोषको आयव्ययको लेखा प्रचलित कानून बमोजिम राख्नु पर्नेछ ।

**८. खर्चको फाँटवारी बनाउनुपर्ने :**

(१) समितिले प्रत्येक ३ महिनामा कोष सम्बन्धि आम्दानी तथा खर्चको विवरण अद्यावधिक राख्नुपर्नेछ ।

**९. समिति र समितिको बैठक सम्बन्धि व्यवस्था :**

(१) समितिको बैठक सम्बन्धि व्यवस्था समिति आफैँले निर्धारण गरे बमोजिम हुनेछ ।

**१०. समितिको सचिवालयः**

(१) समितिको सचिवालय गाउँपालिकाले तोकेको स्थानमा रहने छ ।

**११. संशोधन वा खारेजीः**

(१) गाउँपालिकाले यस मापदण्डमा आवश्यक संशोधन गर्न वामापदण्डलाई खारेज गर्न सक्नेछ ।

प्रमाणिकरण मितिः२०७७।१२।२३

आज्ञाले
रोमनाथ न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत